जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

## राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

❋ वर्ष : ३ ❋ अंक : २६० ❋ २०८२ साल वैशाख ०२ गते, बुधबार ❋ Wednesday, Arp.– 15 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## बिहारका मुख्यमन्त्री नितिश कुमार दिए राजीनामा, नयाँ राजनीतिक समीकरणको संकेत

***१ बैशाख, बिहार (भारत) ।***

भारतीय राज्य बिहारका मुख्यमन्त्री नितिश कुमारले मंगलबार पदबाट राजीनामा दिएका छन्। उनले राज्यपालसमक्ष औपचारिक रूपमा राजीनामा बुझाएको जानकारी दिएका हुन्। यस कदमसँगै बिहारको राजनीतिक वृत्तमा नयाँ समीकरण बन्ने संकेत देखिएको छ।



राजीनामापछि नितिश कुमारले सामाजिक सञ्जाल 'एक्स'मार्फत सार्वजनिक वक्तव्य जारी गर्दै आफ्नो कार्यकालमा सहयोग गर्ने सम्पूर्ण जनताप्रति आभार व्यक्त गरेका छन्। उनले आगामी सरकारलाई पूर्ण समर्थन र आवश्यक मार्गदर्शन प्रदान गर्ने प्रतिबद्धता जनाएका छन्। उनले आफ्नो लामो राजनीतिक यात्रालाई स्मरण गर्दै सन् २००५ नोभेम्बर २४ मा पहिलोपटक एनडीए नेतृत्वमा सरकार गठन भएको उल्लेख गरेका छन्। त्यसयता राज्यमा कानुनी शासन सुदृढ बनाउने, विकास निर्माणलाई तीव्रता दिने र प्रशासनिक सुधारका कामहरू निरन्तर अघि बढाइएको दाबी उनले गरेका छन्। नितिश कुमारले आफ्नो नेतृत्वको सरकारले धर्म, जाति, समुदाय वा वर्गका आधारमा कुनै विभेद नगरी सबै नागरिकलाई समान रूपमा सेवा प्रदान गरेको पनि बताएका छन्। सामाजिक सद्भाव, सुशासन र समावेशी विकासलाई प्राथमिकतामा राखेर काम गरिएको उनको भनाइ छ। राजनीतिक विश्लेषकहरूका अनुसार, हालै नितिश कुमार बिहारबाट राज्यसभा सदस्यमा निर्वाचित भएपछि उनले संवैधानिक तथा राजनीतिक जिम्मेवारीलाई ध्यानमा राख्दै मुख्यमन्त्री पदबाट राजीनामा दिएका हुन्। यस घटनालाई बिहारमा सत्ता समीकरण फेरबदलको प्रारम्भिक संकेतका रूपमा पनि हेरिएको छ। अब नयाँ सरकार गठन प्रक्रिया सुरु हुने अपेक्षा गरिएको छ। सत्तारुढ गठबन्धनभित्रको सहमति, नयाँ नेतृत्वको चयन तथा आगामी राजनीतिक दिशा कस्तो हुने भन्ने विषयमा सबैको चासो केन्द्रित भएको छ।

## पाँच वर्षमा २५% नयाँ जनशक्ति भित्र्याउने सरकारको लक्ष्य

***१ वैशाख, काठमाडौं ।***

सरकारले आगामी पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ तथा सक्षम जनशक्ति भित्र्याउने लक्ष्य अघि सारेको छ। सार्वजनिक गरिएको 'राष्ट्रिय प्रतिबद्धता' मस्यौदाअन्तर्गत प्रशासनिक सुधार तथा सेवा प्रवाह शीर्षकमा यस्तो व्यवस्था उल्लेख गरिएको हो।




मस्यौदाअनुसार संघीय मन्त्रालयको संख्या १७ मा सीमित राखिनेछ। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अन्तर-मन्त्रालय समन्वय, जलवायु परिवर्तन तथा ठूला आयोजनाको प्रत्यक्ष अनुगमन गर्ने नतिजामुखी केन्द्रका रूपमा विकास गरिने योजना अघि सारिएको छ। त्यस्तै, राष्ट्रिय योजना आयोगलाई तथ्यांक र अनुगमनमा केन्द्रित 'थिंक ट्यांक' का रूपमा रूपान्तरण गरिने तथा नीति अनुसन्धान प्रतिष्ठानलाई पुनर्संरचना गरिने उल्लेख छ। संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्न योग्यतामा आधारित प्रणाली लागू गरिने जनाइएको छ। प्रशासनिक संरचनामा देखिएका दोहोरोपन हटाउन तथा प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासन निर्माणका लागि उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गरिने पनि मस्यौदामा उल्लेख गरिएको छ। राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनमार्फत स्पष्ट पारिने, नतिजामूलक प्रशासन सुनिश्चित गर्न कार्यसम्पादन सूचकाङ्क, मूल्याङ्कन, पदोन्नति तथा वृत्तिविकास प्रणालीलाई व्यवस्थित गरिने योजना रहेको छ। त्यसैगरी, भत्ता लगायतका असंगत अतिरिक्त सुविधालाई घटाएर आधारभूत तलबलाई समयानुकूल परिमार्जन गरिने जनाइएको छ। सेवा लिन कार्यालय-कार्यालय धाउनुपर्ने, मध्यस्थमार्फत काम गर्नुपर्ने तथा कर्मचारीसँग प्रत्यक्ष भेटघाट गर्नुपर्ने झन्झट अन्त्य गरिने सरकारको प्रतिबद्धता छ।

## भारतमा नेपाली गाडीलाई इन्धनमा रोक, सीमावर्ती जनजीवन प्रभावित

***वीरगञ्ज, वैशाख १ ।***

नेपाल-भारत खुला सीमामा पछिल्लो समय बढाइएको कडाइका कारण तराई-मधेश क्षेत्रका सर्वसाधारणको दैनिकी प्रभावित हुन थालेको छ। सीमापारि भारतीय बजारमा निर्भर रहँदै आएका स्थानीय अहिले इन्धनदेखि दैनिक उपभोग्य सामग्रीसम्मका लागि समस्या भोग्न बाध्य भएका छन्। नेपालतर्फ भारतीय नम्बर प्लेटका सवारीसाधनमाथि कडाइ गरिएपछि त्यसको असर भारततर्फ पनि देखिन थालेको छ। रौतहटको गौरसँग जोडिएको भारतको बैरगनिया क्षेत्र आसपासका पेट्रोल पम्पहरूले नेपाली नम्बर प्लेटका सवारीलाई इन्धन नदिने निर्णय गरेपछि स्थानीय थप समस्यामा परेका छन्।




यस निर्णयले सीमा क्षेत्रको जनजीवनमा गम्भीर असर पारेको छ। पहिले सहज रूपमा सीमापारि गई इन्धन तथा अन्य सामग्री ल्याउने प्रचलन अब अवरुद्ध हुन थालेको छ। नेपाली सवारीलाई पेट्रोल दिन अस्वीकार गरिनुका साथै आगामी दिनमा अन्य वस्तुमा समेत प्रतिबन्ध लाग्न सक्ने चिन्ताले स्थानीय त्रसित छन्।

बाँकी तेस्रो पृष्ठमा

## पत्रकार महासंघको "हेटौंडा घोषणापत्र-२०८२" सार्वजनिक, मिडियामैत्री नीति र विज्ञापन निर्णय खारेजीको

***१ बैशाख, हेटौडा,।***

नेपाल पत्रकार महासंघ (एफएनजे) ले मकवानपुरको हेटौंडामा सम्पन्न केन्द्रीय समितिको चौथो पूर्ण बैठकपछि 'हेटौंडा घोषणापत्र-२०८२' सार्वजनिक गर्दै सरकारलाई मिडियामैत्री नीति निर्माण गर्न खबरदारी गरेको छ। घोषणापत्रमा महासंघले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यताको रक्षा तथा प्रवर्द्धनमा आफ्नो प्रतिबद्धता दोहोर्याएको छ भने नवगठित सरकारलाई बधाई दिँदै सञ्चार क्षेत्र सुधारमा सहकार्य गर्न तयार रहेको जनाएको छ। महासंघले विशेषगरी सरकारी




विज्ञापनसम्बन्धी हालैको निर्णयप्रति कडा आपत्ति जनाउँदै सरकारी सञ्चारमाध्यममा मात्र विज्ञापन सीमित गर्ने नीतिले निजी तथा सामुदायिक मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने र प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्ने ठहर गरेको छ। यस्तो नीतिले सयौं सञ्चारमाध्यमको अस्तित्व संकटमा पार्नुका साथै हजारौं पत्रकार तथा सञ्चारकर्मीको रोजगारीमा

बाँकी तेस्रो पृष्ठमा

## वर्षको एक दिन मात्र फुल्ने अनौठो फुल

***वीरेन्द्र कर्ण---***

***१ वैशाख ,जनकपुरधाम ।***

वर्षको एक दिन मात्र फुल्ने फुल सुन्दा अचम्भ लाग्छ तर यो सत्य हो । पूर्व पश्चिम राजमार्ग खण्ड अन्तरगत छिमेकी जिल्ला सिरहाको पडरिया चौकदेखि दक्षिणमा रहेको ऐतिहासिक तथा प्राचीन राजा फुलवारीमा यस्तै फुल देखन पाइन्छ । सलहेस फुलवारीको नाउँले प्रसिद्ध रहेको यो ऐतिहासिक फुलवारीमा प्रत्येक नयाँ वर्ष वैशाखको पहिलो दिन त्यहाँ रहेको हारमको रुपमा सुनाखरी आकरको फुल फल्छ र साँझपख मौलाएर



जान्छ । यो आफैमा एउटा आश्चर्य हो ।सो रुख फुलवारीको मध्य भागमा रहेको राजा सलहेसको गहवर (कोठे मन्दिर) सँगै टाँसिएको सो रुपमा वर्षको एक दिन विहानै फुल फुल्नु र साँझपख मौलाएर जानु आजसम्म रहस्यम नै बनेको

बाँकी तेस्रो पृष्ठमा

## सिम्रौनगढ नगरपालिकामा अख्तियारको कडा निगरानी, १५ दिनभित्र कागजात बुझाउन निर्देशन

***बारा, १ वैशाख ।***

बाराको सिम्रौनगढ नगरपालिकामा देखिएको भनिएको अनियमितता र भ्रष्टाचारका उजुरीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन तीव्र पारेको छ। आयोगको क्षेत्रीय कार्यालय हेटौंडाबाट खटिएको टोलीले नगरपालिकामा पुगेको र विभिन्न उजुरीसँग सम्बन्धित फाइल तथा कागजात संकलनको प्रक्रिया अघि बढाएको हो। आयोगका अनुसार सिम्रौनगढ नगरपालिकासँग सम्बन्धित करिब २१ वटा उजुरीमाथि अनुसन्धान




भइरहेको छ। आर्थिक वर्ष ०८०/०८१, ०८१/०८२ र ०८२/०८३ का विभिन्न नगरस्तरीय योजनामा अनियमितता भएको आशंकासहित भुक्तानी प्रक्रिया, निर्णय प्रक्रिया र कागजातहरूको विस्तृत अध्ययन सुरु गरिएको छ। अनुसन्धान अधिकृतहरूले आवश्यक कागजात उपलब्ध गराउन पटक-पटक पत्राचार गर्दा पनि

बाँकी तेस्रो पृष्ठमा

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय ........

## जगदम्बा स्टिलको धुवाँ–सिमराको आकाश मात्र होइन, राज्यको उत्तरदायित्व पनि धमिलिँदै

बाराको जितपुर-सिमरा क्षेत्रमा सञ्चालित जगदम्बा स्टिल प्रालिबाट निस्किने घना कालो धुवाँले अहिले केवल वातावरण मात्र होइन, राज्य संयन्त्रको जिम्मेवारीमाथि पनि गम्भीर प्रश्न खडा गरेको छ। औद्योगिकीकरण विकासको आधार अवश्य हो, तर त्यही विकासले मानव स्वास्थ्य र वातावरणलाई नै संकटमा पार्ने हो भने त्यसको औचित्यमाथि पुनर्विचार आवश्यक हुन्छ। स्थानीय बासिन्दाले लामो समयदेखि भोग्दै आएको प्रदूषणको समस्या कुनै नयाँ विषय होइन। बिहान-साँझ बाक्लो धुवाँ फैलिने, हावामा धुलोका कण मिसिने, र त्यसले निम्त्याउने श्वासप्रश्वाससम्बन्धी समस्या, आँखा पोल्ने, टाउको दुख्ने जस्ता लक्षणहरू अब सामान्य जस्तै बनिसकेका छन्। अझ चिन्ताजनक कुरा त बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीहरूमा यसको प्रत्यक्ष असर देखिनु हो।

यस्ता गम्भीर प्रभाव हुँदाहुँदै पनि सम्बन्धित निकायको भूमिका सन्तोषजनक देखिएको छैन। वातावरणीय मापदण्ड पालना गराउने जिम्मेवारी पाएका सरकारी निकायहरू किन मौन छन्? अनुगमन किन प्रभावकारी हुन सकेको छैन? यी प्रश्नहरू अब टार्न मिल्ने अवस्थामा छैनन्।

उद्योग पक्षले प्रदूषण नियन्त्रणका उपकरण जडान गरिएको दाबी गरे पनि ती उपकरणहरू नियमित सञ्चालनमा नरहेको स्थानीयको गुनासोले वास्तविकता फरक हुन सक्ने संकेत गर्छ। यदि अनुगमनका बेला मात्र उपकरण चलाइने र अन्य समयमा निष्क्रिय राखिने हो भने त्यो सरासर नियमको खिल्ली उडाउनु हो। यस्तो व्यवहारले उद्योगको उत्तरदायित्वमाथि मात्र होइन, नियामक निकायको विश्वसनीयतामाथि पनि आँच पुर्‍याउँछ। प्रदूषणको असर मानव स्वास्थ्यमा मात्र सीमित छैन। सिमरा विमानस्थल आसपासको हवाई सुरक्षामा धुवाँको सम्भावित प्रभाव, नजिकैका वन्यजन्तु आरक्ष क्षेत्रको जैविक विविधतामा पर्ने जोखिम–यी सबै पक्षले समस्या अझ गम्भीर बनाउँछन्। यसले दीर्घकालीन रूपमा आर्थिक, पारिस्थितिक र सामाजिक असर पार्न सक्छ। अब आवश्यक के हो भने कागजी अनुगमन होइन, व्यवहारिक र निरन्तर निगरानी। वातावरणीय मापदण्ड उल्लङ्घन गर्ने उद्योगलाई स्पष्ट रूपमा जिम्मेवार बनाउँदै कडा कारबाही गर्नुपर्छ। साथै, प्रदूषण मापनका तथ्याङ्कहरू सार्वजनिक गरिनु आवश्यक छ, ताकि स्थानीय नागरिकले वास्तविक अवस्था बुझ्न सकून् र जवाफदेहिता सुनिश्चित होस्। राज्यले विकास र वातावरणबीच सन्तुलन कायम गर्न सकेन भने त्यस्तो विकास दीर्घकालीन रूपमा विनाशकारी सावित हुन्छ। सिमराको वर्तमान अवस्था त्यही चेतावनी हो। अब पनि समयमै हस्तक्षेप नभए, यो समस्या केवल स्थानीय सीमामा सीमित रहने छैन–यसले व्यापक राष्ट्रिय सरोकारको रूप लिन सक्छ। अन्ततः, स्वच्छ वातावरण नागरिकको मौलिक अधिकार हो। यो अधिकार सुनिश्चित गराउने दायित्व राज्यको हो–र त्यसमा कुनै सम्झौता स्वीकार्य हुन सक्दैन।

# उच्च कार्यसम्पादन अबको ध्येय

‘डिजिटल’ साक्षरता अब केवल एउटा सिप वा शैक्षिक योग्यता मात्र रहेन; यो सुशासनको अनिवार्य सर्त, लोकतन्त्र सुदृढीकरणको औजार र समृद्धिको नयाँ प्रवेशद्वार बनेको छ । वर्तमान सरकारले अघि सारेका सयबुँदे सुधार योजना र शासकीय सुधारका सङ्कल्पलाई सफल पार्न ‘डिजिटल’ साक्षरतालाई जगका रूपमा लिनु पर्छ ।



डा. श्रीमणिराज खनाल

एक्काइसौँ शताब्दीको विश्व राजनीति र अर्थतन्त्र अब परम्परागत भूमि, श्रम र पुँजीको घेरामा मात्र सीमित रहेन । सूचना प्रविधिको चौथो औद्योगिक क्रान्तिले भूगोलको सीमालाई मात्र मेटाएको छैन, विकासको परिभाषालाई नै पुनर्गठित गरिदिएको छ । आजको युगमा कुनै पनि राष्ट्रको सामर्थ्य त्यस देशसँग भएको प्राकृतिक स्रोतले भन्दा पनि त्यस देशका नागरिकसँग भएको ‘डिजिटल दक्षता’ ले मापन गर्न थालिएको छ । वर्तमान सरकारले अघि सारेको शासकीय सुधारको कार्ययोजना र ‘सरकारका सय दिनका प्राथमिकता’ मा ‘डिजिटल’ साक्षरतालाई केवल प्राविधिक विषयका रूपमा मात्र नभई सुशासन र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा स्विकारिएको छ । नेपाल जस्तो उदीयमान र विकासोन्मुख राष्ट्रका लागि ‘डिजिटल’ साक्षरता अब वैदेशिक लगानी आकर्षित गर्ने, आधुनिक प्रविधि भित्र्याउने र सुरक्षित रोजगारी सिर्जना गर्ने एक मात्र अचुक औषधी बनेको छ ।

***‘डिजिटल’ साक्षरता***

साधारण अर्थमा मोबाइल चलाउन जान्नु वा सामाजिक सञ्जालमा सक्रिय हुनुलाई नै ‘डिजिटल’ साक्षरता मान्ने भ्रम अझै पनि व्याप्त छ तर वास्तविक ‘डिजिटल’ साक्षरता भन्नाले सूचना प्रविधिको प्रयोग गरी सूचना खोज्ने, त्यसको सत्यता मूल्याङ्कन गर्ने, नयाँ ज्ञान सिर्जना गर्ने र प्रभावकारी सञ्चार गर्ने क्षमतालाई बुझिन्छ । यसमा ‘डिजिटल’ उपकरणको प्राविधिक ज्ञान, इन्टरनेट सुरक्षा (साइबर सेक्युरिटी), ‘डिजिटल’ नैतिकता र सुरक्षित वित्तीय कारोबार गर्न सक्ने सिपहरू पर्छन् । सरकारले अघि सारेको सयबुँदे सुधार योजनाको सफल कार्यान्वयनका लागि नागरिकको यो चेतनास्तर उच्च हुनु अनिवार्य छ । जबसम्म आमनागरिक प्रविधिमा अभ्यस्त हुँदैनन्, तबसम्म राज्यले प्रदान गर्ने अनलाइन सेवाहरूको उपादेयता रहँदैन ।

***सरकारको ‘डिजिटल’ सङ्कल्प***

नयाँ सरकारले सार्वजनिक गरेको शासकीय सुधारका योजनामा सरकारी सेवालाई पूर्णतः प्रविधिमैत्री बनाउने महत्वाकाङ्क्षी लक्ष्य राखिएको छ । नागरिकले सरकारी कार्यालयमा एउटा सानो कामका लागि पनि दिनभर लाइन लाग्नुपर्ने, बिचौलियाको सहारा लिनुपर्ने र कर्मचारीको ढिलासुस्ती सहनुपर्ने झन्झट अन्त्य गर्न ‘फेसलेस’ ( अनुहार देख्नु नपर्ने) र ‘पेपरलेस’ ( कागजरहित) प्रशासनको अवधारणा अघि सारिएको छ । सरकारले मालपोत, यातायात, राहदानी, राष्ट्रिय परिचयपत्र र राजस्व सङ्कलन जस्ता जनसरोकारका क्षेत्रमा ‘डिजिटल’ प्रणालीलाई सुदृढ बनाउने कार्ययोजना तय गरेको छ तर यो सुधार तब मात्र सफल हुन्छ जब सेवा लिने नागरिक र सेवा दिने कर्मचारी दुवैमा उच्चस्तरको ‘डिजिटल’ साक्षरता हुन्छ । कर्मचारी संयन्त्रमा पुरानो कार्यशैली त्यागेर नयाँ प्रविधि अपनाउने तत्परता र नागरिकमा अनलाइन फाराम भर्न सक्ने वा ‘डिजिटल’ भुक्तानी गर्न सक्ने आत्मविश्वास नभएसम्म ‘डिजिटल नेपाल’ को नारा नारामा मात्र सीमित हुने जोखिम रहन्छ । त्यसैले सरकारले राष्ट्रव्यापी ‘डिजिटल’ साक्षरता अभियानलाई एक राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउनु पर्छ ।

***वैदेशिक लगानीमा ‘डिजिटल ग्यारेन्टी’***

नेपालले वैदेशिक प्रत्यक्ष लगानी भित्र्याउन लगानी सम्मेलनहरू आयोजना गर्दै आएको छ । लगानीमैत्री कानुनहरू पनि परिमार्जन गरिएका छन् तर अन्तर्राष्ट्रिय लगानीकर्ताले कुनै पनि देशमा पुँजी खन्याउनुअघि त्यहाँको ‘डिजिटल इकोसिस्टम’ र श्रमशक्तिको प्राविधिक दक्षतालाई प्रमुख आधार मान्ने गर्छन् । आजको समयमा संसारका ठुला प्रविधि कम्पनीहरू जस्तै- गुगल, माइक्रोसफ्ट वा अमेजनले लगानी गर्नका लागि त्यस्तो देश रोज्छन्; जहाँको जनशक्ति ‘डिजिटल’ रूपमा साक्षर र दक्ष छन् ।

सरकारको सुधार योजनामा ‘एकद्वार प्रणाली’ (ओन स्टप सर्भिस ) लाई पूर्णतः ‘डिजिटल’ बनाउने र लगानी प्रक्रियालाई झन्झटमुक्त बनाउने उल्लेख छ । हाम्रो जनशक्ति ‘डिजिटल’ रूपमा साक्षर भयो भने बहुराष्ट्रिय कम्पनीहरूले नेपाललाई आफ्नो सेवा केन्द्र (सर्भिस सेन्टर्स) वा शाखाका रूपमा विकास गर्न सक्छन् । प्रविधिमा दक्ष जनशक्ति उपलब्ध हुनु भनेको लगानीकर्ताका लागि तालिमको लागत कम हुनु र सुरक्षाको प्रत्याभूति बढ्नु हो । ‘डिजिटल’ साक्षरताले ‘व्यापारिक सहजता’ (एज अफ डुविङ बिजनेस) को सूचकाङ्कमा नेपालको स्थान सुधार्न मद्दत गर्छ; जसले विदेशी पुँजीलाई चुम्बक झैँ आकर्षित गर्छ । पारदर्शी ‘डिजिटल’ प्रणालीले भ्रष्टाचारको सम्भावनालाई न्यून गर्छ; जुन वैदेशिक लगानीका लागि सबैभन्दा ठुलो प्रोत्साहन हो ।

***प्रविधि हस्तान्तरण र स्वदेशी नवप्रवर्तन***

प्रविधि आफैँमा एक निर्जीव यन्त्र मात्र हो । यसलाई चलाउने र त्यसबाट उत्पादन लिने त मानिस नै हो । सरकारको सय कार्यसूचीमा युवालाई सूचना प्रविधि र ‘स्टार्टअप’ मा प्रोत्साहन गर्ने कार्यक्रमहरू समावेश छन् तर प्रविधि हस्तान्तरण केवल आधुनिक मेसिनरी आयात गर्नु मात्र होइन; ती मेसिनलाई चलाउन, मर्मत गर्न र सुधार गर्न सक्ने ‘मस्तिष्क’ तयार पार्नु पनि हो । ‘डिजिटल’ साक्षरताले नेपाली युवालाई विश्वबजारमा आएका नयाँ प्रविधिहरू, जस्तै- ‘आर्टिफिसियल इन्टेलिजेन्स’, ‘क्लाउड कम्प्युटिङ’, ‘ब्लकचेन’ र ‘डेटा एनालिटिक्स’ सँग अभ्यस्त गराउँछ । जब हाम्रा युवा यी प्रविधिमा दक्ष हुन्छन्, विदेशी प्रविधि नेपाल भित्रिँदा त्यसको सही उपयोग र परिमार्जन स्वदेशमै सम्भव हुन्छ । यसले केवल प्रविधि आयात मात्र गर्दैन; बरु स्वदेशमै नयाँ आविष्कार र नवप्रवर्तनलाई प्रोत्साहन गर्छ; जसले राष्ट्रिय अर्थतन्त्रको परनिर्भरता घटाउँछ ।

***सुरक्षित रोजगारी र ‘डिजिटल रेमिट्यान्स’***

नेपालको अर्थतन्त्रमा रेमिट्यान्स ( विप्रेषण) को योगदान कुल गार्हस्थ उत्पादनको करिब २५ प्रतिशतभन्दा बढी छ तर विडम्बना के छ भने हाम्रा अधिकांश कामदार अदक्ष र ‘डिजिटल’ रूपमा असाक्षर भएका कारण विदेशमा असुरक्षित हुने, ठगिने र न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन् । सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन

‘अनलाइन श्रम स्वीकृति’, ‘ई-भिसा’ को प्रमाणीकरण र ‘डिजिटल प्रोफाइल’ को अवधारणा ल्याएको छ । ‘डिजिटल’ रूपमा साक्षर श्रमिकले आफ्नो करार सम्झौता र अधिकारका बारेमा अनलाइन जानकारी राख्न सक्छन् । ‘डिजिटल बैङ्किङ’ र आधिकारिक ‘रेमिट्यान्स एप’ प्रयोग गरी पैसा पठाउँदा उनीहरू बिचौलियाबाट हुने ठगी र हुन्डीको जोखिमबाट बच्न सक्छन् । यसबाहेक सरकारको योजनाले ‘डिजिटल नोम्याड’ वा ‘रिमोट वर्क’ (घरमै बसेर विदेशी कम्पनीमा काम गर्ने) हरूका लागि उपयुक्त नीति र कर सहुलियतका पूर्वाधार बनाउने लक्ष्य राखेको छ । यसले गर्दा हाम्रा बौद्धिक र प्राविधिक युवाले खाडीको मरुभूमिमा पसिना बगाउनुको सट्टा स्वदेशमै परिवारका साथ बसेर डलर आर्जन गर्न सक्ने छन् । यो नै वास्तविक समृद्धिको बाटो हो ।

***कार्यान्वयनको कसी***

सरकारका योजना कागजमा जति उत्साहजनक र महत्वाकाङ्क्षी देखिन्छन्, तिनको कार्यान्वयन पक्ष उत्तिकै चुनौतीपूर्ण छ । नेपालमा इन्टरनेटको पहुँच ९० प्रतिशतभन्दा बढी जनसङ्ख्यामा पुगेको तथ्याङ्कले देखाए पनि ‘अर्थपूर्ण डिजिटल साक्षरता’ अझै पनि ३५ प्रतिशतभन्दा कम हुनु चिन्ताको विषय हो । ठुलो जनसङ्ख्याले अझै पनि इन्टरनेटलाई केवल फेसबुक, टिकटक, युट्युब जस्ता मनोरञ्जनका साधनका रूपमा मात्र प्रयोग गरिरहेको छ । ‘डिजिटल डिभाइड’ अर्थात् सहर र गाउँबिचको प्रविधि पहुँचको खाडल, धनी र गरिबबिचको दक्षता अन्तर कम गर्नु सरकारको सयदिने योजनाको मुख्य परीक्षा हुने छ । साइबर सुरक्षाको चुनौती, डेटा गोपनीयताको अभाव र महँगो इन्टरनेट शुल्कले ‘डिजिटल’ साक्षरताको अभियानलाई सुस्त बनाइरहेको छ ।

***अबको बाटो***

शासकीय सुधारलाई केवल सिंहदरबारको कोठामा मात्र सीमित नराखी तल्लो तहका नागरिकसम्म पुर्‍याउन सरकारले निम्न कदम तत्काल चाल्न आवश्यक छ :

डजिटल शिक्षाको राष्ट्रिय अभियान : शिक्षा मन्त्रालयले विद्यालय र कलेजको पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी ‘डिजिटल नागरिकता’, ‘कोडिन’ र ‘साइबर सुरक्षा’ लाई अनिवार्य विषयका रूपमा समावेश गर्नु पर्छ । यो केवल प्राविधिक विद्यार्थीका लागि मात्र नभई सबै सङ्कायका लागि हुनु पर्छ । स्थानीय तहको सक्रियता : नेपालका ७५३ वटै स्थानीय तहमा ‘डिजिटल सेवा र साक्षरता केन्द्र’ स्थापना गरिनु पर्छ; जहाँ नागरिकले सरकारी एप चलाउन, अनलाइन कर तिर्न र ‘डिजिटल’ फाराम भर्न निःशुल्क सिक्न सकून् । पूर्वाधारमा व्यापक लगानी : इन्टरनेट सेवालाई अब विलासिता होइन; विद्युत् र खानेपानी जस्तै आधारभूत आवश्यकताका रूपमा परिभाषित गरिनु पर्छ । दुर्गम क्षेत्रमा ‘हाई स्पिड’ इन्टरनेटको पहुँच पुर्‍याउन ‘ग्रामीण दूरसञ्चार कोष’ को प्रभावकारी उपयोग हुनु पर्छ । सुरक्षित कानुनी संयन्त्र : नागरिकका वैयक्तिक विवरण र डेटा सुरक्षित छन् भन्ने पूर्ण विश्वास दिलाउन सरकारले ‘साइबर सुरक्षा ऐन’ र ‘डेटा संरक्षण कानुन’ लाई विश्वस्तरीय मापदण्ड अनुसार कार्यान्वयनमा ल्याउनु पर्छ ।

सार्वजनिक-निजी साझेदारी : सरकारले निजी क्षेत्रका ‘टेक कम्पनी’, ‘स्टार्टअप’ र नागरिक समाजसँग मिलेर ‘डिजिटल साक्षरता’ को तालिमलाई गाउँ गाउँसम्म पुर्‍याउने मोडेल विकास गर्नु पर्छ ।

***निष्कर्ष***

‘डिजिटल’ साक्षरता अब केवल एउटा सिप वा शैक्षिक योग्यता मात्र रहेन; यो सुशासनको अनिवार्य सर्त, लोकतन्त्र सुदृढीकरणको औजार र समृद्धिको नयाँ प्रवेशद्वार बनेको छ । वर्तमान सरकारले अघि सारेका सयबुँदे सुधार योजना र शासकीय सुधारका सङ्कल्पलाई सफल पार्न ‘डिजिटल’ साक्षरतालाई जगका रूपमा लिनु पर्छ । जब देशका आमनागरिक प्रविधिमा दक्ष र सचेत हुन्छन्; तब मात्र सरकारी सेवा पारदर्शी हुन्छ, भ्रष्टाचार न्यूनीकरण हुन्छ, वैदेशिक लगानीको ओइरो लाग्छ र स्वदेशमै सुरक्षित एवं मर्यादित रोजगारी सिर्जना हुन्छ । ‘डिजिटल नेपाल’ ‘फ्रेमवर्क’ लाई सरकारी दराज र दस्ताबेजबाट निकालेर आमजनताको हात हात र मस्तिष्कमा पुर्‍याउनु नै आजको मुख्य राष्ट्रिय कार्यभार हो । प्रविधिको यो महासागरमा हेलिन ढिला भइसकेको छ; अबको यात्रा ‘डिजिटल’ साक्षरताकै माध्यमबाट समृद्ध नेपालतर्फ केन्द्रित हुनु पर्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## टर्की विद्यालयमा गोलीकाण्ड, १६ घाइते

***इस्तानबुल, वैशाख १ गते ।***
टर्कीको दक्षिणपूर्वी क्षेत्रमा रहेको एक विद्यालयमा पूर्व विद्यार्थीबाट गरिएको अन्धाधुन्ध गोलीकाण्डमा कम्तीमा १६ जना घाइते भएका छन् । यस गोलीकाण्डले देशमा विद्यालय सुरक्षाबारे पुनः गम्भीर चिन्ता उत्पन्न गराएको छ ।

सान्लिउर्फा प्रान्तको सिभेरेक जिल्लास्थित उक्त विद्यालयमा मङ्गलबार भएको घटनापछि सुरक्षाकर्मी व्यापकरूपमा परिचालन गरिएका थिए । स्थानीय गभर्नर हसन सिल्डकका अनुसार घटनापछि विद्यालय तत्काल खाली गराइएको थियो र विद्यार्थीलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो । टेलिभिजन दृश्यमा त्रसित विद्यार्थी भाग्दै गर्दा विद्यालय बाहिर एम्बुलेन्स तैनाथ गरिएको देखिएको थियो । घटनाले आसपास क्षेत्रमा पनि भय र अफवाह फैलाएको थियो । गभर्नर सिल्डकका अनुसार आक्रमणकारी सन् २००७ मा जन्मिएका सोही विद्यालयका पूर्व विद्यार्थी थिए । प्रहरीद्वारा घेराबन्दी गरिएपछि उनले आफ्नै ज्यान लिएका थिए । प्रारम्भिक विवरण अनुसार उनले पम्प-एक्सन सटगन प्रयोग गर्दै विद्यालयको करिडोरमा अन्धाधुन्ध गोली चलाएका थिए ।



टर्कीको गृह मन्त्रालयका अनुसार घाइतेमध्ये १० जना विद्यार्थी, चार जना शिक्षक, एक प्रहरी अधिकारी र एक क्याफेटेरिया सञ्चालक रहेका छन् । मन्त्रालयले आक्रमणकारीले घटनापछि त्यही हतियार प्रयोग गरेर आत्महत्या गरेको जनाएको छ । घटनापछि गभर्नर सिल्डकले विद्यालयको निरीक्षण गर्दै यसलाई अत्यन्त दुःखद घटना बताउनुभयो । उहाँले सुरक्षा सम्बन्धी सबै आवश्यक उपाय अपनाइए पनि यस्ता पृथक घटना हुन सक्ने उल्लेख गर्दै घटनाको गहिरो अनुसन्धान गरिने बताउनुभयो ।

टर्कीमा विद्यालयभित्र गोलीकाण्डका घटना दुर्लभ मानिन्छन् । यद्यपि, सन् २०२४ मे महिनामा इस्तानबुलमा एक पूर्व विद्यार्थीले निष्कासन गरिएको पाँच महिनापछि निजी विद्यालयका प्रिन्सिपलको गोली हानी हत्या गरेको घटना सार्वजनिक भएपछि विद्यालय सुरक्षाबारे देशव्यापी बहस सुरु भएको थियो ।

उक्त घटनापछि हजारौँ शिक्षकले सुरक्षा व्यवस्था कडा बनाउन माग गर्दै प्रदर्शन गरेका थिए । टर्कीमा बन्दुक सम्बन्धी कडा कानूनी व्यवस्था रहे पनि यस्ता छिटपुट घटनाले चुनौती कायम रहेको देखाएको छ । हालको घटनाले पुनः एकपटक विद्यालयमा सुरक्षा संयन्त्र कति प्रभावकारी छ भन्ने प्रश्न उठाएको छ र सरकारले आगामी दिनमा थप कडा उपाय अपनाउने अपेक्षा गरिएको छ ।

## कर धम्कीमा चीनको कडा चेतावनी

***बेइजिङ, वैशाख १ गते ।***
अमेरिका र चीनबिच व्यापारिक तनाव फेरि चर्किने सङ्केत देखिएको छ । जहाँ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि नयाँ कर लगाउने चेतावनी दिएपछि बेइजिङले त्यसको 'कडा प्रतिआक्रमण' गर्ने स्पष्ट सन्देश दिएको छ ।

अमेरिकाले चीनले इरानलाई सैन्य सहयोग गर्न लागेको भन्ने रिपोर्ट सार्वजनिक गरेसँगै यो विवाद सतहमा आएको हो । ट्रम्पले अर्को महिना चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने भनिएको भेटअघि नै तेहरानलाई हतियार सहयोग गरेमा चिनियाँ सामानमा ५० प्रतिशतसम्म कर लगाउने चेतावनी दिनुभएको छ ।

यही दिन अमेरिकी सञ्चार माध्यम सिएनएनले अमेरिकी गुप्तचर निकायलाई उद्धृत गर्दै चीनले आगामी केही हप्ताभित्र इरानलाई नयाँ हवाई रक्षा प्रणाली उपलब्ध गराउन सक्ने सङ्केत गरेको खबर सार्वजनिक गरेको थियो । यसअघि सप्ताहन्तमा द न्युयोर्क



टाइम्सले पनि बेइजिङले काँधबाट प्रहार गर्न सकिने मिसाइल पठाएको हुन सक्ने दाबी गरेको थियो ।

तर चीनले यी सबै आरोपलाई पूर्णरूपमा अस्वीकार गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा ती रिपोर्ट 'पूर्णतया बनावटी' भएको प्रतिक्रिया दिनुभयो । उहाँले अमेरिकाले यस्ता दाबीलाई बहाना बनाएर थप कर लगाउने प्रयास गरे चीनले कडा प्रतिक्रिया दिने स्पष्ट पार्नुभयो । चीन र इरानबिच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ।

विशेष गरी चीन इरानको प्रमुख तेल खरिद कर्ता हो । यद्यपि दुई देशबीच औपचारिक सैन्य गठबन्धन भने छैन । विश्लेषकका अनुसार बेइजिङले इरानसँगको सम्बन्धलाई मुख्यतः आर्थिक र व्यावहारिक दृष्टिकोणबाट हेर्ने गरेको छ । यससँगै चीनले खाडी क्षेत्रका अन्य देशसँग पनि बलियो आर्थिक सम्बन्ध कायम राखेको छ । पछिल्लो द्वन्द्वका क्रममा इरानले ती देशलाई लक्षित गरी गरेको आक्रमणप्रति चीनले आलोचना समेत गरेको छ।

### भारतमा ...

सीमापारि केही दूरीसम्म नेपाली सवारीलाई आवतजावतमा सहुलियत रहे पनि नेपालतर्फ भारतीय सवारीमाथि कडाइ र भन्सार दबाब बढेको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार यसले दुई देशबीचको परम्परागत सामाजिक सम्बन्धमा समेत असर पार्न थालेको छ।

कटहरिया नगरपालिका-४ का रामचन्द्र गोसाइँले भारतबाट फर्किने क्रममा बाटोमै पेट्रोल सकिँदा नजिकैको पम्पले नेपाली नम्बर प्लेटकै कारण इन्धन दिन अस्वीकार गरेको अनुभव सुनाए। 'मोटरसाइकल धकेल्दै बजार पुगेर बोतलमा पेट्रोल ल्याएर यात्रा पूरा गर्नुपऱ्यो,' उनले भने।

भारतमा पेट्रोल नेपालभन्दा सस्तो हुनु पनि यस्तो निर्णयको एक कारण हुन सक्ने अनुमान गरिएको छ। आफ्ना नागरिकका लागि सस्तो इन्धन सुरक्षित राख्न भारतले यस्तो नीति अपनाएको हुन सक्ने विश्लेषण गरिएको छ।

यता, नेपालमा बढ्दो महँगीका बीच सरकारले कडाइपूर्ण नीति अवलम्बन गर्दा सर्वसाधारण झन् मारमा परेको स्थानीयको गुनासो छ। राहत दिनुपर्ने बेला थप कडाइ गर्नु उपयुक्त नभएको उनीहरूको भनाइ छ।

विशेषज्ञहरूका अनुसार समस्या केवल इन्धनमा सीमित नरही अन्य दैनिक उपभोग्य वस्तुमा समेत असर पर्न सक्ने जोखिम बढ्दो छ। यसले मधेशको सामाजिक तथा आर्थिक संरचनामा दीर्घकालीन प्रभाव पार्न सक्छ।

समग्रमा, सीमा व्यवस्थापनमा समन्वयको अभाव, मूल्यवृद्धि र कडाइका नीतिहरूले मधेशका नागरिकलाई दोहोरो दबाबमा पारेको छ। समस्याको समाधानका लागि नेपाल-भारतबीच तत्काल कूटनीतिक पहल आवश्यक देखिएको

### वर्षको ...

छ । माला आकारको सेतो फुलको थुँगा जस्तो देखिनु र साँझपख मौलाएर जानु खोजकर्ताको लागि अनौठो विषय र रोचक रहेको छ । ती रुख के का हुन ? कसरी यतिका दिनसम्म बाँचीरहेका छन् भन्ने खोजको विषय भएको छ । वनस्पतीविद्हरु भन्छन् ( छैठौ सातौं सताब्दीदेखि जस्ताको त्यस्तै रहेको यो रुख र अचम्भको फुलवारे पुरातत्व विभागको खोजीको विषय हो ।राजा सलहेस को थिए ? कसरी एउटा दुसाध (दलित) जातिका व्यक्ति राजा भएर सलहेसको जीवन गाथासँग सलहेस फुलवारी र वर्षको एक पटक मात्र फुल्ने फुलको बारेमा पनि एउटा रोचक कथा सत्य घटना सुन्न पाइन्छ । छैठौं सातो सताब्दीतिर त्यस बेला मिथिला भूमीको गढ मैसोथा भने ठाउँमा थियो । त्यो ठाउँ अहिले सिरहा नगरपालिका अन्तरगत पर्दछ । त्यस बेला त्यहाँका सामान्त जमिनदार भैरव भूपाल सोनम र मनदोदरीको कोखबाट एउटा इन्द्र स्वरुप बीर बालक जयबर्द्धन (सलहेस)को जन्म भएको थियो । सानैदेखि सौर्यवान, प्रख्खरबुद्धिका धनी र सौर्यशाली थिए सलहेस । अर्थात् वीर योद्धा बाहुबली भन्दा पनि गलत नहुने छन् । सलहेसको समय कृषि र पशुपालनको प्रारम्भिक युग थियो । त्यस बेला उत्तरमा किरात प्रदेश तिब्बत र भुटानतिरबाट आर्यावृतमा अन्नवाली पशुहरु लुटेर लग्ने, बारम्बार आक्रमण हुने गर्दथ्यो । बारम्बार हुने भोट र किराँतहरुको आक्रमण रोक्न सलहेसका बुवा भूपाल सोनमले तरेगनागढ (हालको लहान बजारभन्दा चारकिलोमिटर उत्तरतर्फ) का राजा हिन्दुपति सम्शेर भण्डारीलाई सघाउन गए । भोट र किराँतसँग भएको युद्धमा भूपाल सोनम देव सहादत प्राप्त गरेपछि जेठो छोराको हैसियतले सलहेस मैसोदागढको गढपति बने । सलहेस गढपति भएपछि कोशीदेखि पश्चिम गण्डकीसम्म, उत्तर हिमालयका पदम् प्रदेश र दक्षिण गंगासम्म आफ्नो सैन संगठनलाई सुसंगठित पारेका थिए ।पकडियागढकी राजकुमारी संग्रावतीको नौलखा हार चोरी प्रकरणमा सलहेस समातिएपछि मालिनी भन्ने सुन्दरीले सहयोग गर्दा सलहेस र मालिनीबीच प्रेम भएको भन्ने किवंदन्ती रहिआएको छ । राजा सलहेस दलित मध्ये दुसाध जातिका भएकोले आजपनि जहाँजहाँ दुसाध जातिका मानिसहरु छन् त्यहाँ त्यहाँ सलहेसको गहबर बनाई पूजा गर्ने परम्परा रहेको छ । लहान नगरपालिकादेखि चार किलोमिटर पश्चिम(दक्षिणमा बाह्र विघा क्षेत्रफलमा फैलिएको यो धार्मिक फुलवारीमा रहेको हारमको रुखमा वैशाख १गतेका दिन मात्र सुनाखरी जस्तो फुलमाला देखापर्छन र दिन ढल्दे जाँदा उक्त माला विस्तारै मौलाउँदै जान्छ । उक्त अचम्भको फुल हेर्न तथा मेला भर्न नेपाल( भारतका असंख्या श्रद्धालुहरु आउने गर्दछन् । किवदन्ती अनुसार प्रत्येक वर्ष वैशाखको पहिलो दिन मालिनी भन्ने सुन्दरीले राजा सलहेसको प्रतिक्षामा फुलमाला लिएर रुखमा प्रगट हुन्छिन् भनिन्छ साँचो मलले जसले भाकल गर्छ उसको मनोकामना पुरा हुने गर्दछ । मेलाको दिन दर्जनौं युवा युवतीको जोडी आएर ती फुललाई साक्षीमानी प्रेम विवाह गर्दछ ।सिरहा जिल्ला भित्र राजा सलहेसको गाथासँग जोडिएको धार्मिक स्थलको खोजी गरी यसको विकासतर्फ संघीय तथा प्रदेश सरकारले ध्यान दिनुपर्दछ प्रेस काउन्सिल नेपालका पूर्व सदस्य चन्द्रदव कामती भन्दछन् विश्वमा एउटा यही नै यस्तो रुख रहेको छ जसमा वर्षको एकदिन मात्र फुल फुल्ने गर्दछ र साँझपख मौलाएर जान्छ ।यो एउटा यस्तो देवता हो जसलाई सबै समुदायका मानिसले पुज्ने गर्दछन । राजा सलहेसको गाथालाई जिवनन्तता दिन अहिलेपनि गाउँ गाउँमा सलहेसको गीत र महराई मार्फत यसको उजागर गर्ने परम्परा रहेको छ । आफ्ना समयमा पराक्रमकै बलमा नागरिकलाई सुशासनको प्रत्याभूति गराउने लोकदेवता सलहेसको जीवनगाथासँगै जोडिएको धार्मिक तथा ऐतिहासिक स्थलहरु सलहेस फुलवारी, मानिक दह, पकडियागढ, पतारी पोखरीको विकासमा सरकारले ध्यान दिनसके यसले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नुका साथै ग्रामीण अर्थतन्त्रको विकासमा थप टेवा पुग्न जाने जनविश्वास रहेको छ । (सभार समाचार दैनिक)

### पत्रकार ...

असर पर्ने र दुर्गम क्षेत्रमा सूचना प्रवाह कमजोर हुने चेतावनी पनि दिएको छ। त्यसैले उक्त परिपत्र तत्काल खारेज गरी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउन 'समानुपालिका विज्ञापन प्रणाली' लागू गर्न महासंघले माग गरेको छ।

त्यस्तै, महासंघले सञ्चार क्षेत्रमा देखिएको श्रम शोषणप्रति गम्भीर चासो व्यक्त गर्दै सञ्चारगृहहरूलाई श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक उपलब्ध गराउन, बाँकी रकम तत्काल भुक्तानी गर्न र सामाजिक सुरक्षा कोषमा अनिवार्य रूपमा आवद्ध हुन आग्रह गरेको छ। पत्रकारलाई सिंहदरबार प्रवेशमा कडाइ तथा समाचार संकलनमा देखिएको अवरोधप्रति पनि आपत्ति जनाउँदै तत्काल त्यस्ता प्रतिबन्ध हटाउन सरकारसँग माग गरिएको छ।


घोषणापत्रमार्फत महासंघले सरकारी नीतिविरुद्ध चरणबद्ध आन्दोलनका कार्यक्रमसमेत घोषणा गरेको छ, जसअन्तर्गत कानुनविद, सञ्चारगृह, पेशागत संगठन र अन्तर्राष्ट्रिय निकायसँग छलफल तथा तीनै तहका सरकारसँग संवाद गर्ने कार्यक्रम रहनेछन्। साथै जिल्ला, प्रदेश र केन्द्रीय तहका साधारण सभा तथा राष्ट्रिय सम्मेलनको तालिका सार्वजनिक गर्दै संगठनात्मक गतिविधिलाई थप सक्रिय बनाउने निर्णय पनि गरिएको छ। समग्रमा 'हेटौंडा घोषणापत्र-२०८२' ले प्रेस स्वतन्त्रता, मिडिया संरक्षण र श्रम अधिकारका मुद्दामा सरकारलाई स्पष्ट सन्देश दिँदै आगामी दिनमा सशक्त दबाब र संवाद दुवै माध्यमबाट अघि बढ्ने संकेत गरेको छ।

### सिम्रौनगढ ...

नगरपालिकाबाट ढिलाइ र बेवास्ता भएको बताएका छन्। यही कारण आयोगले अब १५ दिनभित्र सम्पूर्ण कागजात, तथ्य र आवश्यक स्पष्टीकरण बुझाउन कडा निर्देशन दिएको हो। यसैबीच, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत बिरबहादुर साह लहेराको कार्यशैलीमाथि समेत प्रश्न उठेको छ। स्रोतका अनुसार उनले आवश्यक कागजात उपलब्ध गराउन ढिलाइ गरेको र प्रक्रियामा पारदर्शिता नदेखाएको आरोप लागेको छ। केही वडा सचिवहरूले योजनामा ४० प्रतिशतसम्म कमिसन माग गरिएको गुनासोसमेत गरेका छन्। उपप्रमुख नजमु शेहरले पनि नगरभित्र योजनासम्बन्धी निर्णय प्रक्रियामा आफूलाई बाइपास गरिएको आरोप लगाउँदै पारदर्शिताको अभाव रहेको बताएकी छन्। स्थानीयवासीहरूले समेत नगरपालिकाभित्र बढ्दो अनियमितताप्रति गम्भीर चिन्ता व्यक्त गर्दै निष्पक्ष र गहिरो छानबिनको माग गरेका छन्।

यसैबीच, आयोगको निर्देशनपछि नगरपालिकाले आवश्यक कागजात समयमै उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। प्रमुख प्रशासकीय अधिकृत लहेराले पुराना कागजात माग भएकाले केही ढिलाइ भएको प्रतिक्रिया दिँदै मागअनुसारको कागजात छिट्टै उपलब्ध गराइने बताएका छन्। अख्तियारको छानबिनसँगै सिम्रौनगढ नगरपालिकामा सुशासन, पारदर्शिता र विकास योजनाको कार्यान्वयनबारे प्रश्न थप गहिरिँदै गएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# ६ दलका घोषणापत्र समेटेर १८ बुँदे “राष्ट्रिय प्रतिबद्धता” मस्यौदा सार्वजनिक

१ बैशाख, काठमाडौं ।

सरकारले संसदमा प्रतिनिधित्व गर्ने ६ वटा राष्ट्रिय दलका घोषणापत्र समेटेर १८ बुँदे ‘राष्ट्रिय प्रतिबद्धता पत्र’को मस्यौदा सार्वजनिक गरेको छ। मस्यौदामाथि राजनीतिक दलहरूबाट आगामी वैशाख १० गतेभित्र राय तथा सुझाव दिन आग्रह गरिएको छ।



प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट पारित गरेको १०० दिने कार्यसूचीको तेस्रो बुँदाअनुसार यो मस्यौदा तयार गरिएको हो। उक्त बुँदामा निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्रमा रहेका कार्यान्वयनयोग्य विषयहरू संकलन गरी साझा राष्ट्रिय प्रतिबद्धता तयार गर्ने व्यवस्था उल्लेख गरिएको थियो।

सरकारी मस्यौदामा नेपालको संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा जनादेशलाई संस्थागत रूपमा कार्यान्वयन गर्ने उद्देश्य राखिएको छ। यसका लागि दलहरूका घोषणापत्र, वाचापत्र र प्रतिबद्धतापत्रमा रहेका व्यवहारिक तथा कार्यान्वयनयोग्य विषयहरूलाई समेटेर राष्ट्रिय नीतिका रूपमा विकास गर्ने उल्लेख छ।

त्यस्तै, उक्त प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सुधार एजेन्डासँग आबद्ध गर्दै तत्काल कार्यान्वयनमा लैजाने योजना पनि समावेश गरिएको छ। यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत आवश्यक संरचना स्थापना गरी जिम्मेवारी तोकिने व्यवस्था गरिएको छ।

सरकारले तयार पारेको मस्यौदा नयाँ वर्षको अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको हो। अब प्राप्त सुझावका आधारमा अन्तिम रूप दिइनेछ।

यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि प्रधानमन्त्री कार्यालयका विकास व्यवस्थापन हेर्ने सचिवलाई जिम्मेवारी दिइएको छ।

# जनकपुरधाममा अम्बेडकर जयन्ती भव्य रूपमा सम्पन्न

*कैलाश दास--*
*जनकपुरधाम, १ वैशाख ।*

महामानव भीमराव अम्बेडकर को १३५औँ जन्मजयन्ती जनकपुरधाममा हर्षोल्लासपूर्वक मनाइएको छ।




राष्ट्रिय तत्मा समाज नेपाल केन्द्रीय कार्यालयको आयोजनामा सम्पन्न कार्यक्रममा सहभागीहरूले अम्बेडकरका विचार, संघर्ष र आदर्शलाई स्मरण गर्दै यस दिनलाई समीक्षा तथा आत्मसात गर्ने अवसरका रूपमा लिनुपर्ने बताएका छन्। वक्ताहरूले अम्बेडकर दलित समुदायमा जन्मिए पनि उनका विचार सम्पूर्ण मानवजातिका लागि मार्गदर्शक रहेको उल्लेख गरे।

समाजका अध्यक्ष रामअशिष दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्राध्यापक बालकेश्वर ठाकुरले अम्बेडकरको संघर्षलाई स्मरण गर्दै दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय सक्रिय नभएसम्म अधिकार प्राप्ति सम्भव नहुने धारणा राखे। “उहाँमा साहस र स्पष्ट विचार मात्र होइन, संघर्ष गर्ने अदम्य क्षमता पनि थियो,” ठाकुरले भने।

त्यसैगरी दलित अभियन्ता देवसागर दासले गौतम बुद्ध का सिद्धान्त र अम्बेडकरका विचारलाई गहिरो रूपमा बुझ्न आवश्यक रहेको बताए। उनले अम्बेडकरलाई भारत रत्न बाट सम्मानित गरिएको स्मरण गराउँदै भारत को संविधान निर्माणमा उनको महत्वपूर्ण योगदान रहेको र विश्वभरका दलित तथा पिछडिएका समुदायको अधिकारका पक्षमा निरन्तर वकालत गर्दै आएको उल्लेख गरे।

दलित पत्रकार संघ नेपाल का प्रदेश अध्यक्ष कैलास दासले अम्बेडकरका विचारलाई आत्मसात गर्दै संकल्प लिने दिनका रूपमा जयन्ती मनाउनुपर्ने बताए। “हामीले बाबा साहेब जस्तै साहसी बन्नुपर्छ र विभेद, छुवाछुत तथा सामाजिक अन्यायविरुद्ध संघर्ष गर्न आजैबाट प्रतिबद्ध हुनुपर्छ,” उनले भने। उनले शिक्षालाई प्राथमिकता दिने, सामाजिक भेदभावविरुद्ध लड्ने र आफ्ना अधिकारका लागि संगठित संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा जयप्रकाश साह, गंगाराम दास, इनरजीत मेस्तर, मुन्नी देवी दास, रघुनाथ दास, कुलदीप दास र चन्देश्वर दासलगायतका वक्ताहरूले अम्बेडकरको संघर्षमय जीवनबाट प्रेरणा लिनुपर्नेमा जोड दिएका थिए।

# पूर्वमन्त्री खड्काविरुद्ध भ्रष्टाचार र राजस्व छलीमा छानबिन तीव्र

*१ बैशाख, काठमाडौं ।*

पूर्वमन्त्री तथा नेपाली कांग्रेस नेता दीपक खड्काविरुद्ध भ्रष्टाचार, राजस्व छली र सम्पत्ति शुद्धीकरणसम्बन्धी गम्भीर आरोपमा बहुआयामिक अनुसन्धान तीव्र पारिएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले प्रारम्भिक छानबिनका क्रममा खड्कासँग सम्बन्धित सम्पत्ति, बैंकिङ कारोबार, व्यावसायिक लगानी तथा अचल सम्पत्तिमा अस्वाभाविकता देखिएको निष्कर्ष निकाल्दै थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राजस्व अनुसन्धान विभागलाई पत्राचार गरेको हो। विभागका अनुसार सार्वजनिक पदमा रहँदा पेस गरिएको सम्पत्ति विवरण र हाल देखिएको वास्तविक सम्पत्तिबीच स्पष्ट असन्तुलन देखिएकाले स्रोत नखुलेको सम्पत्तिको वैधता खोज्न आवश्यक ठहरिएको छ।



राजस्व छलीसम्बन्धी मुद्दामा राजस्व अनुसन्धान विभागले खड्कालाई नियन्त्रणमा लिएर हिरासतमा राखी अनुसन्धान अघि बढाएको छ। यसका लागि ललितपुर जिल्ला अदालतबाट तीन दिनको म्यादसमेत स्वीकृत भइसकेको छ। अब उनको मुद्दासम्बन्धी न्यायिक प्रक्रिया र म्याद थप ललितपुरमै अघि बढ्ने जनाइएको छ। यसअघि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले १५ चैतमा काठमाडौंको बूढानीलकण्ठबाट उनलाई नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान गरेको थियो।

अनुसन्धानका क्रममा खड्का र उनका परिवारका सदस्यका नाममा रहेका विभिन्न बैंक खाता, कम्पनीमार्फत भएका आर्थिक कारोबार, सेयर लगानी, घरजग्गा लगायत सम्पत्तिहरूको विस्तृत परीक्षण गरिएको छ। ती विवरणहरू सार्वजनिक पदमा रहँदा बुझाइएको विवरणसँग नमिल्ने तथा अस्वाभाविक रूपमा वृद्धि भएको देखिएपछि थप गहिरो अनुसन्धान आवश्यक परेको स्रोतले जनाएको छ। यसै आधारमा भ्रष्टाचार र राजस्व छलीसम्बन्धी छुट्टाछुट्टै अनुसन्धान प्रक्रिया अघि बढाइएको हो।

खड्कामाथि काठमाडौंका विभिन्न स्थान–बूढानीलकण्ठ, चन्द्रागिरि र अन्य क्षेत्रमा रहेको अचल सम्पत्तिको स्रोतबारे प्रश्न उठ्नुका साथै नेपाल स्काउटको लैनचौरस्थित जग्गा अवैध रूपमा प्रयोग गरी व्यवसाय सञ्चालन गरेको आरोपसमेत लागेको छ। त्यस्तै, जलविद्युत आयोजनाको अर्बौं रुपैयाँको ठेक्का प्रक्रियामा प्रभाव पार्दै आर्थिक चलखेल गरेको आरोप पनि उनीमाथि लागेको छ। उक्त प्रकरणमा ठेक्का दिलाउने क्रममा अनियमितता र आर्थिक लेनदेन भएको आशंकामा यसअघि नै अख्तियारले चासो देखाएको थियो।

सम्पत्ति शुद्धीकरण निवारण ऐनअनुसार मूल कसुर (जस्तै भ्रष्टाचार वा राजस्व छली) प्रमाणित भएपछि मात्रै सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा अघि बढ्ने व्यवस्था रहेकाले अहिले सम्बन्धित निकायहरूबीच समन्वय गरी अनुसन्धान अगाडि बढाइएको छ। विभिन्न निकायबाट संकलित प्रमाण र तथ्यका आधारमा खड्काविरुद्धको मुद्दा आगामी दिनमा औपचारिक रूपमा दायर हुन सक्ने सम्भावना उच्च रहेको बताइएको छ।

# प्रधानमन्त्री बालेन्द्र शाहको नयाँ वर्ष शुभकामना सन्देश

काठमाडौं, वैशाख १ ।

बालेन्द्र शाहले नयाँ वर्ष २०८३ को अवसरमा देशवासीको नाममा शुभकामना सन्देश दिएका छन्।



देशवासीका नाममा जारी सन्देशमा उनले नयाँ वर्षले सम्पूर्ण नेपालीको जीवनमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने कामना गरेका छन्। “सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः...” भन्ने भावनासहित उनले सबै नागरिकको स्वास्थ्य, खुशी र सुरक्षित जीवनको कामना व्यक्त गरेका हुन्।

प्रधानमन्त्री शाहले विगतका चुनौतीहरूलाई अनुभवका रूपमा ग्रहण गर्दै नयाँ वर्षमा सकारात्मक सोच, सहकार्य र एकताका साथ अघि बढ्न आग्रह गरेका छन्। उनले राष्ट्र निर्माणमा सबैको साझा प्रयास आवश्यक रहेको उल्लेख गर्दै विकास, सुशासन र समृद्धितर्फ अग्रसर हुन आह्वान गरेका छन्।

सन्देशमा उनले देशमा स्थायित्व, सामाजिक सद्भाव र आर्थिक उन्नतिको वातावरण निर्माण होस् भन्ने शुभेच्छा व्यक्त गरेका छन्। साथै, नयाँ वर्षले सबैमा नयाँ ऊर्जा, आशा र उत्साह ल्याउने विश्वास व्यक्त गरेका छन्।

# ट्रकको ठक्करबाट घाइते ट्राफिक इन्स्पेक्टर अभय लामाको निधन

*काठमाडौं, वैशाख १ ।*

ट्रकको ठक्करबाट गम्भीर घाइते भएका ट्राफिक प्रहरी निरीक्षक (इन्स्पेक्टर) अभय लामाको उपचारका क्रममा निधन भएको छ।




३२ वर्षीय लामा सवार बागमती प्रदेश ०२-०२९ प ९४१५ नम्बरको मोटरसाइकललाई आइतबार राति करिब सवा ११ बजे बागमती प्रदेश ०३-००१ ख १७१५ नम्बरको ट्रकले ठक्कर दिएको थियो। दुर्घटना तारकेश्वर नगरपालिका-८ डाँडागाउँस्थित सडकखण्डमा नेपालटारबाट फुटुङतर्फ जाँदै गर्दा भएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि गम्भीर घाइते भएका लामालाई तत्काल उद्धार गरी उपचारका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लगिएको थियो। त्यहाँबाट थप उपचारका लागि बीएण्डबी अस्पताल पठाइएकोमा उपचारकै क्रममा उनको निधन भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

रामेछाप घर भएका लामा हाल तारकेश्वर-७ फुटुङ बस्दै आएका थिए। उनी काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको मानव स्रोत व्यवस्थापन शाखामा कार्यरत थिए। २०७२ सालमा प्रहरी जवानका रूपमा सेवा प्रवेश गरेका लामा खुला प्रतिस्पर्धाबाट प्रहरी सहायक निरीक्षक हुँदै प्रहरी निरीक्षकमा बढुवा भएका थिए।

दुर्घटनामा संलग्न ट्रक चालक मकवानपुरको मनहरी-५ का ३८ वर्षीय राम मोक्तानलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।